नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल, चितवन

## वोलपत्र आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः–२०६९/०५/२१**

यस कार्यालय अन्तर्गत निम्न बमोजिमको निर्माण कार्य बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलवन्दी बोलपत्र आव्हान गरिन्छ ।

१. बोलपत्र प्रथम पटक प्रकासित भएको मितिले ३० दिन भित्र बोलपत्र दस्तुररु. १,०००।- (फिर्ता नहुने गरी) दाखिला गरी आ.ब. २०६९/०७० का लागि नविकरण भएको फर्म दर्ता र मु.अ.कर.दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै आ.व.२०६७/०६८ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिबार्य संलग्न राखी ईच्छुक बोलपत्र दाताले यस कार्यालयको Website http//www.bharatpurhospital.gov.np को eProcurement System मा गई TOR download गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्रहरु प्रष्टसंग भरी ठेकेदारले प्रत्येक पानामा सहिछाप गरी, सिलवन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रष्टसंग लेखी ३१ औ दिनको १२:०० वजे भित्र Submission गरि सक्नुपर्नेछ । Submission भएका बोलपत्रहरु सोही दिनको २:०० वजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा यस अस्पतालमा खोलिने छ । बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. बोलपत्रसाथ धरौटी वापत लागत इष्टिमेट अंकको वा कबुल अंकको ३ प्रतिशतले हुने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक ,भरतपुर चितवनमा रहेको धरौटी खाता नं. ख ३ धरौटी १३१०२०३०००००० मा जम्मा गरेको भौचर वा सो रकम वरावरको यस अस्पतालको नाममा जारी गरिएको बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी भएको विडवण्ड ( बोलपत्र खोलेको मितिले कम्तिमा १२० दिन अवधि भएको) पेश गर्नुपर्नेछ ।

४. बोलपत्र स्वीकृत भएपछि बोलपत्र अंकको ५ प्रतिशतले हुने धरौटी रकम बरावरको नगद भौचर वा सो वरावरको कम्तिमा एक वर्षको लागि मान्य हुने बाणिज्य वैंकको यस कार्यालयको नाममा जारी भएको परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

५. बोलपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराईएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा दृष्टव्य नलेखेको हुनु पर्ने छ । समय भित्र प्राप्त नभएको, रीत नपुगेको, सूचनाका शर्त विपरित भएका बोलपत्र स्वत:अस्विकृत हुनेछ ।

६. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिने छ ।

७ बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्ने छ । अक्षर र अंक फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

८ बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो को भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन हुने छ ।

९ ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

१० बोलपत्र सम्वन्धी अन्य कुनै कुरा वुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

११. यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा नेपाल सरकारको प्रचलित कानुन अनुसार हुनेछ ।

१२. कामको विवरण निम्न अनुसारको छ ।

कार्यालयको नाम:- भरतपुर अस्पताल, कार्यालयको कोड नं.:-३५-३७०-०२,

कार्यालयको खाता नं.:- १-१-००१,

राजश्व शिर्षक नं.:-१४२२७,

बैकको नाम :- रा.बा.बैक भरतपुर, चितवन ।

| सि. नं. | ठे.नं | कामको विवरण | कुल ल.ई. रकम (कन्टिनजेन्सी र VAT बाहेक) | धरौटी रकम ल.ई को ३% |
|---|---|---|---|---|
| १ | १/०६९/७० | भरतपुर अस्पतालको बि व्लक दोश्रो तलामा ALUMUNIUM PARTATION WORK | १३,८४,१००।०० | ४१,६००।०० |